# हाम्रो सिद्धिचरण नगरपालिका

## कक्षा-१

**प्रमुख सल्लाहकार:**
बलराम लम्साल
(प्रमुख प्रशासकीय अधिकृत)

**सल्लाहकार:**
फणिन्द्र बहादुर कटवाल
शाखा प्रमुख
(शिक्षा युवा तथा खेलकुद शाखा)

डिल्लीराम कार्की
माध्यमिक शिक्षक प्रथम श्रेणी
(सगरमाथा जनता मा.वि., ओखलढुङ्गा)

**लेखन तथा सम्पादन**
दिपनारायण दाहाल
वेलास प्रसाद धमला
बद्री प्रसाद धमला

**लेखन सहयोगी**
**डा.भेषनाथ खनाल**

**प्राविधिक सहयोग**
नारायण गोपाल ढकाल
प्रा.स. (शिक्षा युवा तथा खेलकुद शाखा)

प्रकाशक:
**सिद्धिचरण नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
ओखलढुंगा
कोशी प्रदेश, नेपाल

# हाम्रो भनाइ

स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ ले कक्षा १ देखि कक्षा ८ सम्म स्थानीय सरोकारवालाको संलग्नतामा स्थानीयतहलाई पाठ्यक्रम विकास गरी कार्यान्वयन गर्ने अधिकार प्रदान गरेको छ । नेपालको संविधानको अनुसूची ८ मा आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी स्थानीयतहको अधिकार रहने व्यवस्था रहेको छ । यही व्यवस्था अनुरुप यस सिद्धिचरण नगरपालिकाले पनि आफ्नो अधिकार र कर्तव्य बोध गरी वि.सं. २०७९ सालमा "हाम्रो सिद्धिचरण नगरपालिका" नामक स्थानीय पाठ्यक्रम निर्माण गरी शैक्षिक सत्र २०७९ देखि नै कक्षा १-८ मा कार्यान्वयन माल्याएको छ । उक्त पाठ्यक्रममा आधारित भई शैक्षिक सत्र २०८० देखि प्रयोगमा ल्याउने गरी यो पाठ्यपुस्तक तयार गरिएको छ ।

प्रस्तुत पाठ्यपुस्तक सिद्धिचरण नगरपालिकाद्वारा तयार पारिएको स्थानीय पाठ्यक्रम २०७९ का विषयवस्तु, क्षेत्र र क्रममा आधारित रहेर निर्माण गरिएको छ । यस पाठ्यपुस्तकमा स्थानीय पुरातात्विक, ऐतिहासिक, सामाजिक, सांस्कृतिक, धार्मिक पर्यटकीय स्थलहरू तथा सेरोफेरोका महत्त्वपूर्ण स्थल एवं विषयवस्तुहरू समावेश गरिएको छ । यस पाठ्यपुस्तकमा केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका र स्थानीय आवश्यकताको आधारमा स्थानीय विषयवस्तुलाई समावेश गरिएको छ । यसमा धार्मिक, सांस्कृतिक विविधता भित्रको एकता, सिद्धिचरण नगरपालिका भित्रको पर्यटकीय सौन्दर्यलाई विषयवस्तु भित्र समेटिएको छ । सिद्धिचरण नगरपालिका अन्तर्गतका विद्यालयहरूबाट आधारभूत तह उत्तीर्ण गरेका विद्यार्थीले आन्तरिक वाबाह्य पर्यटकहरूलाई मार्गदर्शन गर्न सक्ने पाठ्यक्रमको अपेक्षालाई यस पाठ्यपुस्तकले समेटेको छ ।

पाठ्यपुस्तकमा बालबालिकाको उमेर, कक्षा र तहगत सिकाइस्तर फरक हुने हुनाले यस पक्षमा पनि ध्यान पुऱ्याइएको छ । पाठ्यक्रम तथा पाठ्यपुस्तक परिवर्तन निरन्तर प्रक्रिया भएकाले आगामी दिनमा सरोकारवाला निकाय, शिक्षक, विद्यार्थी, अभिभावक, पाठक र विद्वानहरूबाट प्राप्त रचनात्मक सुझावका आधारमा परिमार्जन गर्दै लगिनेछ । यसलाई क्रियाकलापमुखी र विद्यार्थी केन्द्रित बनाउने, रङ्गीन चित्र राख्ने र सिर्जनात्मक क्षमता वृद्धि गर्ने खालका अभ्यास सामग्री समेट्ने तथा आवश्यकता अनुसार शिक्षण निर्देशन दिइएको छ । यस पुस्तकमा क्रियाकलाप अर्न्तगत रहेका सामूहिक क्रियाकलाप तथा सिर्जना र परियोजना अर्न्तगतका निर्देशन अनुसार विविध कार्य गरी विद्यार्थीलाई शिक्षण गराउनु आवश्यक रहेको छ ।

पाठ्यपुस्तक शिक्षण सिकाइको महत्वपूर्ण साधन हो । यसबाट विद्यार्थीले पाठ्यक्रम द्वारा लक्षित सक्षमता हासिल गर्न मद्दत पुग्दछ । त्यसैले यस पाठ्यपुस्तकलाई सकेसम्म क्रियाकलापमुखी र रुचिकर बनाउने प्रयत्न गरिएको छ । प्रस्तुत पाठ्यपुस्तकमा सिद्धिचरण नगरपालिकाको सेरोफेरो, पर्यटकीय स्थलहरू, हाम्रो संस्कृति, हाम्रो आस्था, भेषभुषा लगायतका विषयवस्तुहरूलाई कक्षागत स्तरका आधारमा क्रमशः समेटिएको छ ।  प्रस्तुत पाठ्यपुस्तक तयार गर्ने क्रममा नगरपालिकाबाट विभिन्न समयमा प्रकाशित स्मारिका, वेभसाइट, स्थानीय विज्ञजन आदिलाई सामग्रीको स्रोतका रूपमा उपयोग गरिएको छ । जस जसका सामग्रीलाई स्रोतका रूपमा लिइएको छ, उहाँहरू धन्यवादका पात्र हुनुहुन्छ ।

अन्त्यमा यो पाठ्यसामाग्रीलाई सहयोगी सामाग्रीको रुपमा प्रयोग गर्नका साथै पाठ्यसामाग्रीमा भएका त्रुटीहरू औंल्याईदिनु भई रचनात्मक सुझावको अपेक्षा गरिएको छ ।

# विषय सूची — पृष्ठ संख्या


| विषय सूची | पृष्ठ संख्या |
|---|---|
| मेरो परिचय | १ |
| मेरो नगरपालिका | ४ |
| म र मेरो घर १ | ७ |
| म र मेरो घर–२ | ८ |
| मेरा छिमेकी | ११ |
| म र मेरा साथीहरु | १३ |
| मेरो मावल | १५ |
| म र मेरो टोल | १६ |
| गणेश कुण्ड | १९ |
| मेरो विद्यालय | २२ |
| मलाई मनपर्ने चाड | २५ |
| देउसीरेको मादल | २७ |
| हाम्रा पर्यटकीय स्थलहरु १ | २९ |
| हाम्रा पर्यटकीय स्थलहरु २ | ३१ |
| हाम्रा रीतिरिवाज | ३३ |
| स्थानीय भाषा | ३६ |
| हाम्रो भेषभूषा | ३८ |
| हाम्रा उत्सवहरु | ४० |
| हाम्रा पेशा | ४३ |

पाठ १

# मेरो परिचय


नमस्कार । म कमल मगर उमेर पाँच वर्ष भयो ।
नमस्कार । म गमला थापा । मेरो उमेर पाँच वर्ष भयो ।
नमस्कार । म गङ्गा थापा । मेरो उमेर छ वर्ष भयो ।
नमस्कार । म जनक दाहाल । मेरो उमेर छ वर्ष भयो ।


### तपाईंहरुपनि उठेर पालै पालो आफ्नो ना र उमेर भनेर साथीलाई सुनाउनुहोस्

नमस्कार ! म ................................................ उमेर...................... वर्ष ।
नमस्कार ! म ................................................ उमेर...................... वर्ष ।
नमस्कार ! म ......................... ........................ उमेर .................. वर्ष ।
नमस्कार ! म ................................. .............. उमेर .................. वर्ष ।
नमस्कार ! म ................................................ उमेर .................. वर्ष ।
नमस्कार ! म ................................................ उमेर .................... वर्ष ।

### अब गीत गाऔँ र लुकामारी खेलौँ । ( एक जना साथी लुकेर अरुले गीत गाउँदै खोज्ने खेल । )

**क) कमल**  **जनक कता हरायो ?**

**ख) खरायो**  **मेरो मन डरायो ।**

**ग) गमला**  **कता गइन कमला ?**

**घ) घर**  **खेल्ने रहर ।**

**ङ) नङ**  **मन पर्ने रङ ।**



### तल दिएका थोप्लामा रेखा तानी शब्द लेख्नुहोस् ।

कमल मगर    कमल    मगर    कमल    मगर

जनक धमला    जनक धमला    जनक धमला


कमल मगर    कमल मगर    कमल मगर


जनक धमला    जनक धमला    जनक धमला

जस्तैः

टप, कलम, सनद, जनक

**तलका चित्रमा रङ भर्नुहोस् ।**





# मेरो नगरपालिका




यो सिद्धिचरण नरपालिकाको नक्सा हो । सिद्धिचरण नगरपालिका ओखलढुंगा जिल्लामा पर्छ । हामी सबै सिद्धिचरण नगरपालिकामा बस्छौँ । सिद्धिचरण नगरपालिकामा १२ ओटा वडा अनि अझै धेरै गाउँ र टोल छन् । हाम्रो वडा हाम्रो घरबाट नजिकै अरु वडाहरु धेरै टाढा छन् । कुनै वडामा हिडेर पुग्न सकिन्छ । कुनै वडामा पुग्नको लागि मोटर चढेर जानुपर्छ ।

### यी प्रश्नको उत्तर भन्नुहोस्

क) हामी कुन नगरपालिकामा बस्छौँ ?

ख) सिद्धिचरण नगरपालिका कुन जिल्लामा पर्छ ?

ग) सिद्धिचरण नगरपालिकामा कतिओटा वडा छन् ?

घ) तपाईं कति नम्बर वडामा वडा नम्बर कतिमा बस्नुहुन्छ ?

ङ) तपाईंको वडाको नाम के हो ? आफ्ना शिक्षकसँग सोधेर भन्नुहोस् ।

**तलका वाक्यहरुमा मिल्ने शब्दमा ठीक चिन्ह (√) लगाउनुहोस् ।**

क) सिद्धिचरण नगरपालिकामा (१२ ओटा/१६ ओटा) वडा छन् ।

ख) सिद्धिचरण नगरपालिका (सोलुखुम्बु/ओखलढुंगा) जिल्लामा पर्छ ।

ग) हामी सबैजना (सिद्धिचरण नगरपालिकामा/ओखलढुंगा नगरपालिकामा) बस्छौँ ।

घ) मलाई मेरो नगरपालिका (धेरै मनपर्छ/मन पर्दैन) ।

## यो गीत गाउनुहोस्

**सिद्धिचरण नगरपालिकाका १२ ओटा वडाहरु**

**एकमा पर्छ तलुवा**
**दुईमा गढी जानुका**
**अँधेरी र नारायणस्थान**
**तिन नम्बरको लामो नाम ।**

**चारमा राम्रो गुम्बा छ**
**पाँच नम्बरमा बर्णालु**
**जन्तरखानी जानुहोस्**
**स्वाद लिन बुडआलु ।**

**सात नम्बरमा विगुटार**
**आठमा पर्छ सल्लेरी**
**ज्यामिरे हो नौ नम्बर**
**दश नम्बरमा बेतिनी**

**एघारमा गैरीगाउँ**
**बाह्र धेरै सून्दर ठाउँ ।।।**

# परियोजना कार्य

## शिक्षकको सहयोगमा जोडा मिलाउनुहोस

रुम्जाटारमा छ



तलुवामा पर्छ



जन्तरखानीमा छ



ओखलढुङ्गामा छ



# पाठ ३

# म र मेरो घर १



यो मेरो घर हो । मेरो घर नयाँ छ । मेरो घर एक तले छ । घरमा पँहेलो, सेतो र खैरो रङ लगाएको छ । यो ढलान गरेको घर हो ।

यो मेरो पुरानो घर हो । यसको छाना छ । छाना खरले छाएको छ । मेरो पुरानो घर पनि धेरै सून्दर छ । यो घरमा कमेरो लगाएको छ । कमेरो लगाएको घर सेतो र राम्रो देखिन्छ ।



## कुन चिजको रङ कस्तो छ छानेर लेख:

सेतो, रातो, कालो, पँहेलो, हरियो




खुर्सानी ..........................



साग ...........................



क्याप ..............................



केरा .............................



दूध ................................

## पाठ ४

# म र मेरो घर-२

**तलका चित्रहरु हेर्नुहोस र साथीहरुसँग छलफल गर्नुहोस् ।**






घरले हामीलाई घामबाट जोगाउँछ । घरले हामीलाई पानीबाट जोगाउँछ । घरले हामीलाई हुरी बतासबाट जोगाउँछ । घरले हामीलाई जाडो र गर्मीबाट जोगाउँछ ।

घर धेरै खाले हुन्छन् । घर ठूला, साना, अग्ला र होचा हुन्छन् । कुनै घरमा धेरै कोठा हुन्छन् । कुनै घरमा थोरै कोठा हुन्छन् । घरले हामीलाई धेरैकुराबाट जोगाउँछ । हामीले पनि घरको हेरचाह गर्नु पर्छ । घर वरिपरिका फोहोर सफा गर्नु पर्छ । घरको रङ उडेर मधुरो भएपछि घर छेपेर वा रङ लगाएर घारलाई सून्दर राख्नु पर्छ ।

## तलका ठीक विकल्प छान्नुहोस्

क) घरले हामीलाई हुरीबाट ..................( जोगाउँछ/जोगाउँदैन)

ख) घरहरु कस्ता हुन्छन् ? (एकै खाले/धेरै खाले)

ग) हामीलाई बस्नको लागि घर (चाहिन्छ/चाहिँदैन) ।

घ) ठूलो हुरी चलेको बेला कहाँ बस्नुपर्छ ? (घर भित्र/घर बाहिर)

ङ) घरको रङ उडेपछि रङ (लगाउनुपर्छ/लगाउनुहुदैन)

## तलका प्रश्नको उत्तर भन्नुहोस्

क) तपाइँको घरको रङ कस्तो छ ?


खं तपाइँको घरमा कति ओटा कोठा छन ?

ग) तपाईंलाई तपाईंको घर मन पर्छ कि पर्दैन ?

घ) तपाईं घरभित्र भएका फोहोर कुराहरु टिप्नुहुन्छ कि घरभित्रै छोड्नुहुन्छ ?

ङ) तपाईंलाई घर बढार्न मन पर्छ कि पर्दैन ?

**घरमा हुने यी कोठाहरु बारे छलफल गर्नुहोस् । तपाईंको घरमा के के कोठा छन या कोठा छुट्याएको छैन बताउनुहोस् ।**




**दिइएको चित्रमा रङ भर्नुहोस् ।**



# पाठ ५

# मेरा छिमेकी

### दिइएका चित्रहरु हेरेर कक्षामा छलफल गर्नुहोस् ।






### तलको पाठ पढेर त्यस पछि आउने कृयाकलापहरु गर्नुहोस्

हामी सबैजना छिमेकमा मिलेर बस्छौँ । हाम्रा धेरै छिमेकीहरु छन् । घर बारी र मेलापातका सबै काम हामी घरका मान्छेले मात्र गरेर सकिँदैन । हामीलाई अरुको सहयोग चाहिन्छ । छिमेकीबाट हामी सहयोग लिन्छौँ । अनि हामी पनि अरुलाई सहयोग गर्छौं । छिमेकमा पैँचो र पर्म धेरै हुन्छ ।

## कुन ठीक हो छानेर लेख्नुहोस् ।

क) हाम्रा ....................छिमेकी छन् । (धेरै/थोरै)

ख) हामीलाई अरुको सहयोग ............. छ । (चाहिन्छ/चाहिँदैन)

ग) घरमा सामान सकिएको बेला पैँचो ................ ।
(लिँदैनौँ/लिन्छौँ)

घ) हामी सबै जना .......................बस्नु पर्छ । (झगडा गरेर/मिलेर)

## तलका शब्द ३/३ ठाउँ सार्नुहोस्:

क) पर्म .................... ........................ ................

ख) पैँचो .................... ........................ ................

ग) छिमेकी ................. ........................ .................

घ) सहयोग ................ ........................ ..................

ङ) गाउँ ................. ........................... ...............

# पाठ ६
# म र मेरा साथीहरू



मेरो नाम डोल्मा हो । म एक कक्षामा पढ्छु । मेरा धेरै साथीहरु छन् । पेम्बा, सन्तु, जुली, हर्क र अरु धेरै साथी मिलेर हामी सँगै खेल्छौँ । हाम्रो पप्पी पनि छ । हाम्रो पप्पीको नाम चङ्खे हो ।

**तलका प्रश्नको उत्तर भन्नुहोस्:**

क) डोल्मा कति कक्षामा पढ्छिन् ?

ख) डोल्माका साथी धेरै छन् कि थोरै ?

ग) डोल्मा एक्लै खेल्छिन् कि साथीहरुसँग मिलेर ?


घ) उनीहरुको पप्पीको नाम के हो ?

ङ) तपाइँको घरमा कुकुर, विरालो, परेवा केही छ कि छैन ? भन्नुहोस् ।

# परियोजना कार्य

तपाइँहरु पनि डोल्माले जस्तै आफ्नो नाम र आफ्ना साथीहरुको नाम भन्नुहोस् ।

**तलको चित्रमा आफूलाई मन पर्ने रङ भर्नुहोस् ।**



# पाठ ७

# मेरो मावल

## तलको चित्र हेरेर कक्षामा छलफल गर्नुहोस् ।



## तलको पाठ पढेर त्यस पछि आउने कृयाकलापहरु गर्नुहोस् ।

मेरो नाम सरला हो । स्कूलमा लामो छुट्‌टी भए पछि म ममीसँग मामा घर जान्छु । मेरो मामा घरमा हजुर बा, हजुर आमा, मामा, माइजू र ठूली आमा हुनुहुन्छ । मामा घरमा मलाई सबैले माया गर्नुहुन्छ । मामा घर जाँदा धेरै रमाइलो हुन्छ ।

## तलका प्रश्नको उत्तर भन्नुहोस्

क. तपाइँको मामा घर कहाँ पर्छ ?

ख. मामा घर जाँदा तपाइँ कोसँग जानुहुन्छ ?

ग. तपाइँको मामा घरमा को को हुनुहुन्छ ?

## तलका अक्षरहरु माथि लेख्नुहोस् ।

मेरो मामा घर नजिकै छ ।

मेरो मामा घर नजिकै छ ।

# पाठ ८

# म र मेरो टोल

**तलका चित्रहरु हेरेर छलफल गर्नुहोस् ।**







**तलको पाठ पढेर त्यसपछि आउने कृयालापहरु गर्नुहोस् ।**

म डाँडा टोलमा बस्छु । मेरो घर पाखामा छ । घरको छेउमा जंगल छ । जंगलमा ठुला साना धेरै रुखहरु छन् ।

मेरो साथी रमेश तल टारमा बस्छ । उसको घर छेउमा खेत छ । उसको खेत समथर छ । मेरो बारीमा आलु फलेको छ । मेरो साथीको खेतमा धान फलेको छ । गाउँको माझबाट नदी बगेको छ । अनि गाउँबाट हिमाल पनि देखिन्छ । हिमाल धेरै सून्दर छ ।

**जोडा मिलाउनुहोस्**

हिमाल 

नदी 

धान 

आलु 

**यी शब्द माथि लेख्नुहोस् ।**

धान धान धान धान धान धान

आलु आलु आलु आलु आलु आलु

डाँडा डाँडा डाँडा डाँडा डाँडा डाँडा

पाखा पाखा पाखा पाखा पाखा पाखा

## परियोजना कार्य:

### घर जाने बाटो भर्नुहोस:



## पाठ-९

# गणेश कुण्ड

### तलका चित्र हेरेर कक्षमा छलफल गर्नुहोस् ।






यो गणेश कुण्ड हो । गणेश कुण्ड सिद्धिचरण नगरपालिकाको वडा नम्बर ५ वर्णालुमा पर्छ । जनै पूर्णिमाका दिन वर्णालु मेला लाग्दछ। गणेश कुण्डमा शिव पार्वती र गणेश रहेका छन् । गणेश कुण्डमा राई जातका पुजारीले शिव, पार्वती र गणेश को पूजा गर्दछन् । यस कुण्डमा नुहाउनाले छालाको रोग नलाग्ने भन्ने विश्वास छ ।

### उत्तर भन्नुहोस् ।

क) गणेश कुण्ड कुन ठाउँमा रहेको छ ?

ख) गणेश कुण्डमा कहिले मेला लाग्दछ ?

ग) वर्णालु मेलामा ककसको पुजा हुने गर्छ ?

घ) शिव पार्वती र गणेश पूजा गर्ने व्यक्ति कुन जातिका हुन् ?


ङ) गणेश कुण्डमा नुहाउनाले कुन रोग नलाग्ने विश्वास छ ?

## तल दिइएका चित्रहरु हेरेर तिनका नाम लेख्नुहोस् ।









## जोडा मिलाउनुहोस् ।

गणेश कुण्ड



शिव पार्वती



वर्णालु मेला



वर्णालु गाउँ



क) शिक्षकले आफ्नो वडा भित्रका कुनै एक पर्यटकीय स्थानको विद्यार्थीलाई भ्रमण गराई मौखिक जानकारी गराउनुहोस् ।

ख) शिक्षकले विद्यार्थीलाई यस्तै कुनै एक पर्यटकीय स्थानको भिडियो देखाएर वर्णन गर्न लगाउनुहोस् ।

ग) तल दिएका थोप्लामा रेखा तानी शब्द लेख्नुहोस् ।

गणेश कुण्ड, वर्णालु, मेला
गणेश कुण्ड, वर्णालु, मेला
गणेश कुण्ड, वर्णालु, मेला
गणेश कुण्ड, वर्णालु, मेला
गणेश कुण्ड, वर्णालु, मेला
गणेश कुण्ड, वर्णालु, मेला

# पाठ १०


# मेरो विद्यालय

**तलका चित्रहरु हेरेर कक्षामा छलफल गर्नुहोस् ।**









## तलको कविता पढी दिइएका कृयाकलाप गर्नुहोस् ।

स्कूल जाने बेला भयो
पेन्सिल कता छ
किताव कापी यहीँ छन्
झोला कहाँ छ ?



बोकी किताब झोलामा
जाऔँ हामी स्कुलमा
क, ख, पढ्ने पहिले
घन्टी बज्छ जहिले ।

टिफिन खाजा खाइन्छ
अनि खेल्न गइन्छ ।
अब पढौँ फेरि
किताब हेरी हेरी ।

टिङ् टिङ् बज्छ घण्टी
तब हुन्छ छुट्टी ।
अब हामी घर जाऔँ
भोलि फेरि स्कुल आऔँ ।

क)    स्कुलको सबै विद्यार्थीहरुले लय हालेर गीत गाउनुहोस् ।

ख)    विद्यार्थीहरुले पालैपालो गित गाएर साथीलाई सुनाउनुहोस् ।

ग)    तल दिइएका प्रश्नहरुको मौखिक उत्तर दिनुहोस् ।

१.  किताब के मा बोक्नु पर्छ ?

२.  किताब बोकेर विद्यालय किन जानुपर्छ ?

३.  स्कुलमा के पढ्नु पर्छ ?

४.  स्कुलबाट कतिखेर घर जानुपर्छ ?

घ)    ठीक भए ठीक र बेठिक भए बेठिक भन्नुहोस् ।

१.  स्कुलमा खाजा पाइदैन ।

२.  स्कुलमा खेल्न पाइन्छ ।

३.  घण्टी बजेपछि छुट्टी हुन्छ ।

४.  भोलि फेरि स्कुल जानु पर्छ ।

ङ)    तपाईंले जानेको एउटा बालगीत साथीलाई सुनाउनुहोस् र सबै साथीहरु मिलेर गीत गाउनुहोस् ।

## परियोजना कार्य

तपाइँको विद्यालयमा फूलबारी छ कि छैन ? फूलबारी छैन भने आफ्ना शिक्षकसँग गएर शुक्रबार फूलबारी निर्माण गर्नुहोस् । फूलबारीमा फूल रोपेपछि बार बार्ने, गोड्ने र पानी लगाउने गर्नुहोस् ।



## पाठ ११

# मलाई मनपर्ने चाड

### तलका चित्र हेरेर के भइरहेको छलफल गर्नुहोस्:






### तलको अनुच्छेद पढी त्यस पछि दिइएका कृयाकलापहरु गर्नुहोस् :

मेरो नाम फुरी लामा हो । म कक्षा १ मा पढ्छु । मेरो गाउँ सिद्धिचरण नगरपालिकामा पर्दछ । मेरो गाउँमा धेरै चाडपर्वहरु मनाइन्छ । जस्तै दशै, तिहार, ल्होसार, उधौली, उभौली, होली आदि । तर मलाई मनपर्ने चाड चाहीँ ल्होसार हो । यो पर्वमा म भाइ, बहिनी र दिदी नयाँ कपडा लगाएर मामाघर जान्छौँ । शेर्पा पोसाक लगाएर सबै साथीहरु जम्मा भएर नाचगान गर्दछौँ र विभिन्न परिकारहरु बनाएर खाने गर्दछौँ ।

## खाली ठाँउ भर्नुहोस् :

क) मेरो नाम .............. हो ।

ख) फुरी लामा कक्षा .............. पढ्नुहुन्छ ।

ग) फुरीको घरमा ..................जना हुनुहुन्छ ।

घ) फुरीलाई सबैभन्दा मनपर्ने पर्व .............हो ।

ङ) फुरीलाई मन पर्ने खाना ..........हो ।

## उत्तर भन्नुहोस

क) तपाइँलाई कुन कुन चाड मन पर्छ ?

ख) तपाइँले मनाउने चाडमा के के गरिन्छ ?

ग) तपाइँलाई मन पर्ने चाडमा के के खाने गरिन्छ ?

## यी अक्षर माथि लेख्नुहोस्

ल्होसार ल्होसार ल्होसार

ल्होसार ल्होसार ल्होसार


ल्होसार ल्होसार ल्होसार

ल्होसार ल्होसार ल्होसार

# पाठ १२

# देउसीरेको मादल

## तलका चित्रहरुका बारेमा छलफल गर्नुहोस् ।






## तल दिइएको कविता पढेर त्यसपछि आउने कृयाकलाप गर्नुहोस्:

हेर न साथी त्यो डाँडा काँडा
के बाक्लो बादल,
कसको सीप होला,
तिहार आयो, बजाउन मादल ।



रीताको भाई, सीताको
गोपाल र म पनि,
भाइ टीका लगाई बाँसुरी बजाई
देउसीरे खेल्न जाउँ ।

देउसीरे आए फुलमाला लगाई
मादल बजाउँदै
घरवेटी बा र घरवेटी आमा हेर्दैछन् रमाउदै ।
आउनुहोस् हामी सबैले खेलौ देउसिरे गाउँदै

## क्रियाकलाप

क) तिहार भन्दा अरू तपाईँलाई मन पर्ने चाड कुन हो ?

ख) तपाईं तिहारमा के के गर्नुहुन्छ ? लेख्नुहोस् ।

**तपाईँलाई मन पर्ने बजाको चित्र कोरी रङ भर्नुहोस् ।**

# पाठ १३

# हाम्रा पर्यटकीय स्थलहरू १

## तल ठाउँहरु बारे साथीहरुसँग कुराकानी गर्नुहोस् :









## दिइएको पाठयांश पढेर त्यसपछि आउने कृयाकलापहरु गर्नुहोस्ः

आज घुम्न कहाँ जाने ?
ओखलढुंगा
कस्तो छ ?
कति राम्रो राम्रो
अरु के छ ?
कविको प्रतिमा
कुन कविको
युगकविको
युगकविको नाम के हो ?
युगकवि सिद्धिचरण श्रेष्ठ हो

## उत्तर भन्नुहोस्



क) चित्रमा के के छन् ?
ख) यो कसको चित्र हो ? बताउने प्रयास गर्नुहोस् ?
ग) तपाइँले ओखलढुंगा देख्नुभएको छ कि छैन ?
घ) तपाइँका गाउँमा राम्रा–राम्रा कुरा के के छन् ?

यु ग क वि
यु ग क वि
यु ग क वि



# पाठ १४

# हाम्रा पर्यटकीय स्थलहरु २




रमिलाले हेर्नु पर्ने सबै राम्रा कुरा सवितालाई बताइन् । सिद्धिचरण पार्क त हेऱ्यौँ । हाम्रो नगरपालिकामा अरु राम्रा राम्रा ठाउँ के के रहेछन् थाहा पाउँ है त ।

सिद्धिचरण पार्कबाट अझै अगाडि जाने हो भने श्रष्टा पार्क पुगिन्छ । तलुवामा जाँदाखेरी सून्दर दूधकोशी छ । कोशी त आबाजै नदिइ पो बग्छ त । सबै कोशीहरु अबाज नदिइ बग्छन् । अनि ठूलाछापमा जानुका गढी छ । रुम्जाटारमा त झन् के के हो के के । प्लेन बस्ने एयरपोर्ट छ, गुम्बा छ, संग्रहालय छ । कति कुरा पो छन् त । अनि बर्नालुमा पनि ठूलो मेला लाग्ने मन्दिर छ गणेश कुण्ड । ठाडे बजारमा कति ठूलो कोइरे मूला बनाएको छ । जानु पर्छ र पो देखिन्छ । हगि !





## जोडा मिलाउनुहोस्

ठाडेको कोइरे मूला



दूधकोशी



श्रष्टा पार्क



प्लेन



## परियोजना कार्य

**तल दिइएको प्लेनको चित्रमा रङ भर्नुहोस् ।**




# हाम्रा रीतिरिवाज

## यी चित्रहरु हेर्नुहोस् र तिनीहरुबारे साथीहरुसँग छलफल गर्नुहोस् ।










## तलको पाठ्यांस पढेर दिइएका कृयाकलापहरु गर्नुहोस् ।

हाम्रो गाउँमा धेरै धर्म मान्ने मानिसहरु बस्छन् । उनीहरु आ-आफ्नो धर्म अनुसारका चाड पर्वहरु मनाउने गर्छन । हिन्दूहरु दशै, तिहार, तिज, श्रीकृष्ण जन्माष्टमी मान्दछन् । तिजमा महिलाहरु ब्रत बस्छन् । दशैँमा मान्यजनको हातबाट टीका लगाउने र आशिस लिने गरिन्छ । तिहारमा दिदी बहिनीले दाजुभाइलाई रङ्गीन टीका र फूलमाला लगाइ दिने गर्छन् । लाखे नाच नेवार समुदायले मनाउने गर्दछन् । लाखेमा मानिसहरु मखुण्डो लगाएर बजार बजारमा नाच्दछन् ।

बौद्ध धर्म मान्नेहरु उधौली, उभौली, ल्होसार आदि मान्दछन् । उनीहरु बुद्धको पूजा गर्न गुम्बामा जान्छन् । इस्लाम धर्माबलम्बीहरु इद् मान्दछन् । त्यसैगरी इसाइहरु किसमस मनाउँछन् ।

**पालैपालो उत्तर भन्नुहोस् ।**

क) तपाईँले तिज मनाउनुभएको छ कि छैन ?

ख तपाईँलाई कुन चाड मनपर्छ ?

ग गुम्बामा कुन धर्मालम्बीहरु जान्छन् ?

**ठीक भए ठीक र बेठिक भए वेठिक भन्नुहोस् ।**

क. हामी तिहारमा देउसी भैलो खेल्छौ ।

ख. शेर्पा जातिले सोनाम ल्होसार मनाउँछन् ।

## परियोजना कार्य

क) तपाईँलाई मन पर्ने चाड कुन हो त्यसमा तपाइँ के के गर्नुहुन्छ भन्नुहोस् ।

ख) शिक्षक साथी, कक्षामा नानीहरुसँग धेरै छलफल गर्नुहोस् जसले गर्दा उनीहरु आफ्नो क्षेत्रमा मनाइने संस्कार, पर्व, र तीर्थस्थलहरुका नाम भन्न सक्नेछन् ।

**तलदिएका चित्रहरुमा मिल्ने चित्रको जोडा मिलाउनुहोस् ।**

तिजको चित्र 

गुम्बा 

मन्दिर 

ब्रतबन्ध 

विवाह 

**५. तलदिएको प्रश्नहरुको उत्तर भन्नुहोस् ।**

क) महिलाहरुले मनाउने मुख्य पर्व कुन हो ?

ख) लाखेनाच कुन जातिले नाच्दछ ?

ग) हाम्रा रमाइला ३ चाडपर्वको नाम भन्नुहोस

**६. तल दिइएका वाजाहरुको नाम भन्नुहोस ।**

| चित्र | नाम |
|---|---|
| क)  | ............................................ |
| ख)  | ............................................ |
| ग)  | ............................................ |
| घ)  | ............................................ |
| ङ)  | ............................................ |

# पाठ १६

# स्थानीय भाषा

## १. गीत गाऔँ

मगरजाति मगर भाषा, ब्राम्हण बोल्छन् खस ।
तामाङ बोल्छन् तामाङ भाषा, यसैमा छ रस ॥
शेर्पा बोल्छन शेर्पा भाषा, किराँतीको राई ।
सबैले बोल्छन् आफ्नो भाषा सबै दाजुभाइ ॥

## २. तलका प्रश्नको उत्तर भन्नुहोस् ।

क) तपाइँको भाषा कुन हो ?

ख) तपाइँले बोल्ने भाषामा पानीलाई के भनिन्छ ?

ग) तपाइँलाई मन पर्ने भाषा कुन हो ?

घ) तपाइँ बसेको छिमेकमा कुन भाषा बोल्ने मानिहरु बढी बसोबास गरेका छन् ?

ङ) राईले बोल्ने भाषालाई के भनिन्छ ?

## ३. छलफल गर्नुहोस ।

क) हाम्रो छरछिमेक र घर गाउँमा कतिवटा भाषा बोल्ने व्यक्तिहरु छन् ? भन्नुहोस ।

ख) नेवारले बोल्ने भाषालाई के भनिन्छ ?

ग) विवाहलाई तामाङ भाषामा के भनिन्छ ?

घ) पानीलाई मगर भाषामा के भनिन्छ ?

ङ) हजुरबुबालाई राई भाषामा के भनिन्छ ?

## ४. ठीक भए (✓) र बेठिक भए (x) चिन्ह लेख्नुहोस ।

क) ब्राम्हणले बोल्ने भाषा खस भाषा हो ।

ख) मगर भाषामा पानीलाई ब्रेलसाङ्ग भनिन्छ ।

ग) कुनै गाउँमा एउटा मात्र भाषा बोल्ने मानिसहरु पाईन्छ ।

घ) राई र तामाङ्गको भाषा नेपाली हो ।

ङ) हामी सवै शेर्पा भाषा बोल्छौ ।

## ५ तलका शब्दहरुलाई कापीमा सार्नुहोस ।

| भाषा | खस | सेर्पा | तामाङ्ग | नेवार |
|---|---|---|---|---|
| ............. | .............. | ........... | ........... | ............ |
| ............. | .............. | ........... | ........... | ............ |
| ............. | .............. | ........... | ........... | ............ |
| ............. | .............. | ........... | ........... | ............ |
| ............. | .............. | ........... | ........... | ............ |
| ............. | .............. | ........... | ........... | ............ |
| ............. | .............. | ........... | ........... | ............ |
| ............. | .............. | ........... | ........... | ............ |

# पाठ १७

# हाम्रो भेषभूषा

**यी मानिसहरुले लगाएका कपडा र गहनाहरुको बारेमा छलफल गर्नुहोस्**





**१) तलका प्रश्नहरुको जवाफ दिनुहोस ।**

क) तपाईको घर परिवारका सदस्यहरुले लगाउने कपडाको नाम भन्नुहोस ?

ख) तपाईको घरमा पूरुषले कुन कुन कपडा लगाउनुहुन्छ ?

ग) तपाईको घरमा महिलाले लगाउने कपडाहरुको नाम भन्नुहोस् ।

घ) तिज पर्वमा आमा कुन कुन गहना लगाउनु हुन्छ ?

ङ) शेर्पाले कस्तो पहिरन लगाउँछन् ?

च) बक्खु कुन जातिको पोसाक हो ?

छ) नेवार जातिको पोसाकको रङ कस्तो हुन्छ ?

**२) चित्र हेरेर लाखे नाचको चित्रमा ठिक चिन्ह लगाउनुहोस् ।**







**३) भाङग्रा गुरुङ्गले लगाउने विशेष कपडा हो । तलको चित्र हेरेर छलफल गर्नुहोस् ।**



**४) तल दिइएका गरगहनाहरु तपाईको घरपरिवारमा क-कसले लगानुहुन्छ । भन्नुहोस् ।**

**सिक्री औठी शिरबन्दी मुन्द्री फुली ब्रासलेट**

**५) उस्तै शब्दहरुको जोडा मिलाउनु होस् ।**

| **शब्द** | **शब्द** |
|---|---|
| जनै | जनै |
| जामा | पगरी |
| पगरी | दौरा |
| आङगी | आङगी |
| दौरा | जामा |

**६. तलका प्रश्नको उत्तर दिनुहोस ।**

क) अनुहारमा मखुण्डो, टाउकोमा चम्बर, शरीरमा जामा लगाएर नाच्ने मारुनी कुन जातीको चलनमा छ ।

ख) कुन जातको मानिसले बक्खु लगाउछन् ?

ङ) गुरुङ जातिले लगाउने एउटा कपडा भन्नुहोस् ।

**७. दिइएका शब्दहरु कापीमा सार्नुहोस् ।**

**क) तिलहरी ख) आङ्गी ग) जनै घ) सिक्री ङ) फुली**

# पाठ १८

# हाम्रा उत्सवहरू

## १. ल सबैले यो गीत गाऔँ ।

जन्म भएको वर्ष दिनमा जन्मोत्सव पर्छ ।
राम्रो लाउनु मीठो खानु समयमा पर्छ ।
तिहारमा देउसी भैलो घरघरमा गाईने ।
संस्कृति यो जोगाउन उत्सव पर्व चाहिने ॥
चण्डि नाचमा  राई नाच्ने सङ्क्रान्तिमा मगर ।
आफ्नो पर्व, आफ्नो उत्सव कस्ले भन्छ नगर ॥
ल्होसारमा तामाङ, सेर्पा, गुरुङ पनि भनौँ ।
दशैं पर्व मनाउन पन्ध्र दिन गनौँ ।

## २. दिएको चित्र हेरेर महोत्सवको नाम भन्नुहोस ।

क)




ख)





ग)



घ)



ङ)



## ३) तलका प्रश्नहरुको उत्तर भन्नुहोस ।

क) तपाइँको जन्मदिन कहिले पर्छ ?

ख) तपाइँको विद्यालयको जन्मदिन भन्नुहोस ।

ग) तपाईको जन्मोत्सवमा के गर्नु हुन्छ ?

घ) देउसी भैले कहिले खेलिन्छ ?

ङ) ल्होसार कुन कुन जातले मनाउने पर्व हो ?

## ४) दिएको वाक्य ठीक भए ठीक र वेठिक भए वेठिक भन्नुहोस ।

क) तिहारमा देउसी भैलो खेलिन्छ ।

ख) हामी दशैमा मान्यजनबाट टीका जमरा लिन्छौं ।

ग) तामाङ जातिको मुख्य पर्व तिहार हो ।

घ) राईले चण्डी नाच पर्व विशेष मनाउने गर्दछन् ।

ङ) सेर्पा जातिले सोनाम ल्होसार मनाउछन् ।

## ५) दिएका उपयुक्त विकल्प अगाडिको कोठामा ( √ ) ठीक चिन्ह लगाउनुहोस् ।

क) कुनै व्यक्ति जन्मेको दिनमा ...................... पर्छ ।

अ) देउसी भैलो    आ) ल्होसार    इ) चण्डी नाच

ई) जन्मोत्सव

ख) दशै ........ मनाइने पर्व हो ।

अ) ५ दिन    आ) १० दिन    इ) १५ दिन    ई) २० दिन

ग) तिहारमा फुलमाला र टीका लगाएपछि घरघरमा ..............
खेलिन्छ ।

अ) देउसी आ) लुडो इ) लङ्गुर वुर्जा ई) चेस

घ) ...................................... फुलौरा, खिचडी पकइन्छ ।

अ) माघे संक्रान्तिमा आ) साउने संक्रान्तिमा इ) बैशाखे पूर्णिमामा ई) जन्मदिनमा

ङ) गुरुङ जातिको ल्होसार पर्वलाई .............. ल्होसार भनिन्छ ।

अ) तमु आ) सोनाम इ) ग्याल्पो ई) गुरुङ

## ६) तल दिएका शब्दहरु शुद्धसँग कापिमा सार्नुहोस् ।

क) महोत्सव ख) उत्सव ग) खुसि

घ) रमाईलो ङ) पर्व

# पाठ-१९

# हाम्रा पेशाहरू

## चित्रमा हेरेर कक्षमा छलफल गर्नुहोस्









**तलको पाठ पढेर त्यस पछि आउने कृयाकलापहरु गर्नुहोस् ।**

हाम्रो वरपर धेरैथरीका काम गर्ने मानिस छन् । कसैले खेतबारीमा काम गर्छन, कसैले गाडी चलउँछन्, कोही बेपार गर्छन् । धेरै मानिसहरु शिक्षण पेशामा पनि लागेका छन् । सबैले आ-आफ्नो काम गर्छन् । काम गर्नलाई हामीलाई ज्ञान र सीप चाहिन्छ ।

**तलका प्रश्नको उत्तर भन्नुहोस्**

क) तपाईंले के के काम गरेका देख्नु भएको छ ?

ख) तपाईंको घरमा ककसले के के काम गर्नुहुन्छ ?

ग) तपाईंलाई कुन काम गरेको हेर्न मन पर्छ ?

**तलको चित्रमा के के काम गरेको देख्नुहुन्छ छलफल गर्नुहोस् ।**

